# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०५।१३ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सप्तरी, बोदेबर्साइन नगरपालिकाबाट आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा व्यवसायी पकेट कार्यक्रमका लागि बजेट विनियोजन भई उक्त नगरपालिकाले माँ जगदम्बा कृषक समूहसँग सम्झौता गरी बोदेबर्साइन नगरपालिका वडा नं. ६ फुलकाहीमा कार्यक्रम संचालन गरेकोमा झुट्टा बिल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **बोदेबर्साइन नगरपालिका पशु विकास अधिकृत (अधिकृत छैटौं) अर्जुन प्रसाद यादवले** आ.व.२०७७/०७८ मा संचालन भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्ला सप्तरी बोदेबर्साइन न.पा. वडा नं.६ मा संचालन भएको भनिएको बाख्रा व्यवसायी पकेट कार्यक्रमको संयोजकको जिम्मेवारीमा रही कार्यक्रमको लागत अनुमान तयार गरी सम्झौता गरेको, झुट्ठा बिल भरपाई बनाउने कार्यमा संलग्न रहेको, स्थलगत अनुगमन र योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन पेश गरेको, कार्यक्रम नै संचालन नभएको भन्ने जानकारी हुँदासमेत सम्पन्न भएको भनी टिप्पणी आदेश तयार एवं निर्णयार्थ पेश गरी स्वीकृत भई रु.१४,७१,९२१।- माँ जगदम्बा कृषक समूहको खातामा भुक्तानी दिएको देखिँदा निज अर्जुन प्रसाद यादवको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएकोले निज अर्जुन प्रसाद यादवलाई बिगो रु.१४,७१,९२१।- (चौध लाख एकहत्तर हजार नौ सय एक्काइस रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुलउपर हुन एवं निज अर्जुन प्रसाद यादवले संचालन नै नभएको उक्त कार्यक्रमको स्थलगत अनुगमन गरी योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन दिएको पुष्टी भएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ।

**बोदेबर्साइन नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत घनश्याम यादव, लेखापाल सरोज कुमार मंडलले** आ.व. २०७७/०७८ मा संचालन भएको भनिएको बाख्रा व्यवसायी पकेट कार्यक्रमको लागत अनुमान स्वीकृत गरेको, कार्यादेश दिएको, कार्यक्रम नै संचालन नगरी सार्वजनिक खरिद ऐन, नियम विपरीत हुने गरी कार्यक्रम संचालन गरेको भनी पेश गरेका नक्कली बिल भरपाई समेतलाई अनदेखा गरी भुक्तानीको टिप्पणी आदेश स्वीकृत गरी रु.१४,७१,९२१।- भुक्तानी दिएको देखिँदा निज घनश्याम यादव र सरोज कुमार मंडलको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुर भएकोले निजहरुलाई बिगो रु.१४,७१,९२१।- (चौध लाख एकहत्तर हजार नौ सय एक्काइस रुपैयाँ मात्र) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगोसमेत असुलउपर हुन एवं निज घनश्याम यादवले संचालन नै नभएको उक्त कार्यक्रमको स्थलगत अनुगमन गरेको र योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन दिएको पुष्टि भएको हुँदा निज घनश्याम यादवको उक्त कार्य

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदाबी लिइएको छ।

**बोदेबर्साइन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंह, वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष रामानन्द चौधरी, नगरपालिकाको तत्कालीन नगर कार्यपालिका सदस्य श्रीप्रसाद भगत**समेतले आ.व. २०७७/०७८ मा संचालन भएको भनिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्ला सप्तरी बोदेबर्साइन न.पा. वडा नं. ६ मा संचालन गर्ने गरी माँ जगदम्बा कृषक समूहले सम्झौता गरी कार्यदिश समेत लिएको बाख्रा व्यवसायी पकेट कार्यक्रमको स्थलगत अनुगमन गरी योजनाको स्थिति राम्रो रहेको भनी गलत प्रतिवेदन पेश गरेको र सोही प्रतिवेदनसमेतको आधारमा नगरपालिकाले माँ जगदम्बा कृषक समूहलाई रु.१४,७१,९२१।- भुक्तानी दिएको देखिँदा निजहरु आतेश कुमार सिंह, रामानन्द चौधरी, श्रीप्रसाद भगतको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएकोले निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानासमेतको सजाय हुन मागदाबी लिइएको छ।

**साथै, माँ जगदम्बा कृषक समुहका अध्यक्ष राधेश्याम कुमार साह र कोषाध्यक्ष निलम कुमारी शर्माले** आ.व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्ला सप्तरी बोदेबर्साइन न.पा. वडा नं. ६ मा बाख्रा व्यवसायी पकेट कार्यक्रम संचालनका लागि बोदेबर्साइन न.पा. सँग सम्झौता गरेकोमा सम्झौता बमोजिमका कुनै पनि कार्यक्रम नगरी गैरकानूनी लाभ पुऱ्याउने बद्नियतले झुठ्ठा विल भरपाई एवं कागजात तयार गरी/गराई कार्यक्रम सम्पन्न भएको भनी गलत प्रतिवेदन पेश गरी बोदेबर्साइन न.पा.बाट रु.१४,७१,९२१।- भुक्तानी भएको देखिँदा निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएकोले बिगो रु.१४,७१,९२१।- (चौध लाख एकहत्तर हजार नौ सय एक्काइस रुपैयाँ मात्र) कायम गरी निजहरुलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता

भोला दाहाल